स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



सामाजिक कथावस्तुमा बन्न लागेको फिल्म 'ज्वाइँ साब'को शीर्ष नायिकामा नीति शाह अनुबन्धित भएकी छन् । निर्माण पक्ष र अभिनेत्री तथा मोडल शाहबीच औपचारिक सम्झौता भएको छ । यो फिल्ममा यसअघि जितु नेपाल फाइनल भइसकेका छन् । फिल्ममा नीतिले जितुसँग जोडी बाँध्ने निर्माताद्वारा प्रेषित विवरणमा उल्लेख छ । बसन्त निरौलाले निर्देशन गर्ने यो फिल्मको शीर्ष भूमिकामा यसअघि मुकुन भुसालको चर्चा थियो । जितु र नीति कास्ट भएपछि यी दुईको 'पेयरिङ' रोचक हुने अनुमान छ ।

**आजको विचार...**



कहिलेसम्म... (दुई पेजमा)

डा.डीआर उपाध्याय



फिल्म 'बोक्सीको घर'लाई लिएर अभिनेत्री तथा निर्मात्री केकी अधिकारीको व्यस्तता बढेको छ । प्रवर्द्धन गर्नेदेखि रिलिजको मेसोमेलो मिलाउन उनी सक्रिय छिन् । ट्रेलर रिलिज गरेर दर्शक र पत्रकार तर्साएकी केकी फिल्म प्रवर्द्धनका लागि भन्दै सोमबार मध्यपूर्वको बहराइन उडेकी हुन् । इदको अवसरमा गैरआवासीय नेपाली संघले त्यहाँ गर्न लागेको 'सांगीतिक साँझ २०२४' मा सहभागी हुन उनी केही संगीतकर्मीसहित त्यता उडेकी हुन् । केकीसँगै गायक पशुपति शर्मा र गायिका मिलन नेवार पनि बहराइन प्रस्थान गरेका छन् ।

❒ वर्ष २९ ❒ अंक २५१ ❒ २०८० चैत २८ गते बुधबार 10 April 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# 'व्यवसायीका समस्याहरू समाधानमा सबै मिल्नुको विकल्प छैन'

**जगदीश भट्टराई**

**पाल्पा,** चैत २७/नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघका केन्द्रीय सल्लाहकार, पश्चिम नेपाल बस व्यवसायी प्रालिका अध्यक्ष दधी खरेलले देश विकासका लागि निजी क्षेत्रका यातायात व्यवसायीहरुको योगदान महत्वपूर्ण रहेको बताएका छन् । उनले वर्तमान सरकार निजी क्षेत्रको समस्याप्रति अनविज्ञ रहेको आरोप लगाउँदै, सरकार यातायात व्यवसायी प्रति सकारात्मक हुन नसकेको पनि आरोप लगाए ।




उनले पाल्पाको श्रीनगर यातायात सेवा कम्पनी प्रालिको तेस्रो वार्षिक साधारणसभालाई मंगलबार सम्वोधन गर्दै सरकारले जबसम्म यातायात व्यवसायीका तमाम समस्याको समाधान खोजेर अगाडि बढ्दैन तबसम्म देशले विकासको बाटो अवलम्वन गर्न सक्दैन भने । साधारण सभा कार्यक्रममा विशिष्ठ अतिथि लुम्बिनी प्रदेशका प्रदेश सांसद तथा काँग्रेका नेता वीरबहादुर रानाले यातायात व्यवसायीका समस्याहरुलाई सम्वोधन गर्ने कामलाई सरकारले पहिलो प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गरे । उनले मुलुकमा प्राप्त लोकतन्त्र निश्चित केही समूह र व्यक्तिका लागि मात्र नभएर नेपालका गरिब उद्यमी र साना व्यवसायीका लागि हितकर बन्न नसकेको आरोप लगाए । यसैगरी कार्यक्रमका विशिष्ट अतिथि जिल्ला समन्वय समिति पाल्पाका प्रमुख टंकनाथ खनालले यातायात व्यवासाय नाफामूखी मात्र नभएर सेवामूखी पनि भएको हुँदा यो क्षेत्रलाई अरु व्यवसायी जस्तो हिसावबाट हेर्न नहुने धारणा व्यक्त गरे ।

प्रालिका अध्यक्ष डिलबहादुर ढुंगानाले आवश्यकता तथा परिस्थिति अनुसार कम्पनीले सामाजिक उत्तरदायित्व वहन गर्दै समाजका कार्यलाई प्रत्यक्ष तथा वा अप्रत्यक्ष रुपमा सहयोग गर्दै आएको बताए । उनले यातायात क्षेत्र धरासयी भइरहँदा यस क्षेत्रका समस्याहरु सामाधानतर्फ राज्यका निकायहरु मौन हुँदा सम्पूर्ण यातायात व्यवसायी एवम् मजदुर वर्गलाई दुखित तुल्याएको र यस अवस्थामा आफ्नो दायित्व सफलतापूर्वक निर्वाह गरी वर्तमान चूनौतीसंग जुधिरहेको बताए । अध्यक्ष ढुंगानाले कम्पनीका गतिविधिको बारेमा जानकारी दिएका थिए । कार्यक्रममा नेपाली काँग्रेस प्रदेश समितिका सदस्य कृष्णप्रसाद अधिकारी, एमालेका चिरिन्जीवी पोखेल, नेकपा माओवादीका हिरा थापा, राष्ट्रिय स्वतन्त्र पार्टीका दिलिप घिमिरे, पाल्पाका प्रहरी प्रमुख नरेन्द्र चन्द, तानसेन वडा ६ का वडा अध्यक्ष सागर महर्जन, पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष भरत शर्मा, यातायात व्यवसायीको तर्फबाट रुपकलाल श्रेष्ठ आदिले आ-आफ्नो धारणा व्यक्त गरेका थिए । कम्पनीका अध्यक्ष डिलबहादुर ढुंगानाको सभापतित्व भएको कार्यक्रममा कम्पनीका सञ्चालक लक्ष्मण पाण्डेको स्वागत र कम्पनीका सचिव भविन्द्र गौतमको सञ्चालनमा भएको थियो ।

## सक्षिप्त समाचार

### पौडी खेल्ने क्रममा डुबेर बालकको मृत्यु



**वालिङ (स्याङ्जा), चैत २७/** आँधीखोलामा पौडी खेल्ने क्रममा डुबेर मंगलबार बिहान बालकको मृत्यु भएको छ । गल्याङ प्रहरी चौकीका अनुसार गल्याङ नगरपालिका-२ गराङ्दी बस्ने भरत रानाका १४ वर्षीय छोरा युनिक रानाको डुबेर मृत्यु भएको हो ।

छ जना साथीहरु पौडी खेल्न गएका थिए । राना पानीको रहमा डुबेपछि स्थानीयवासीले गल्याङ प्रहरी चौकीलाई खबर गरेका थिए । मंगलबार बिहान १०:३० बजे रहमा बेपत्ता भएका रानाको खोजी गर्दा मृत फेला परेका हुन् । रानाको शव परीक्षणका लागि वालिङस्थित गह्रौं प्राथमिक अस्पतालमा पठाइएको गल्याङ प्रहरी चौकीले जनाएको छ । रानासँगै पौडी खेलन गएका उनका साथीहरुलाई प्रहरीले सोधपुछ थालेको छ । *-रासस*


## शौचालयको प्रयोग गरौं, संक्रमणबाट जोगिऔं

- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तिमा २० सेकेण्डसम्म राम्रोसँग साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।

*जीवाणुलगायतको संक्रमणबाट बचौं र बचाऔं ।*

नेपाल सरकार

**विज्ञापन बोर्ड**


## निजामती कर्मचारी युनियन पाल्पाको शुभकामना सहित भित्ते पात्रो विमोचन

**सुनिल कार्की**

**पाल्पा,** चैत्र २७/नेपाल निजामित कर्मचारी युनियन जिल्ला कार्यसमिति पालपाले नव वर्षको शुभकामना आदनप्रदान एवं भित्ते पात्रो र टेबल पात्रो २०८१ को विमोचान गरेको छ । कर्मचारी युनियन पालपाले एक कार्यक्रमको आयोजना गरी शुभकामना आदान-प्रदान र पात्रो विमोचन कार्यक्रम गरेको हो ।



कार्यक्रमका प्रमुख अतिथि नेपाली कांग्रेस जिल्ला कार्य समिति पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले भित्ते पात्रोको विमोचन गर्दै पाल्पाको कर्मचारी युनियनको कार्यसमिति देशभरकै संक्रिय र सक्षम कार्यसमिति भएको भन्दै अझ संक्रियताको साथ आफ्ना गतिविधि अघि बढाउन आग्रह गरे । सभापति श्रेष्ठले इमान्दार र क्षमतावान रवि अर्याल नेतृत्वको कर्मचारी युनियनको जिल्ला कार्य समितिले समग्र कर्मचारीको हित हुने गरी कार्यक्रम तथा क्रियाकलाप सञ्चालन गरेको भन्दै कामको प्रशंसाका साथ युनियनलाई अझ मजबुत बनाउन निर्देशन दिए ।

कार्यक्रमका अध्यक्ष नेपाल निजामित कर्मचारी युनियन जिल्ला कार्यसमिति पाल्पाका अध्यक्ष रवि आर्यालले पाल्पाको कार्यसमिति आर्थिक र संगठनिक पक्षबाट बलियो रहेको भन्दै आगमी दिनमा युनियनको तर्फबाट थप रचनात्मक शैलीबाट अघि बढ्ने बताए । भित्ते पात्रो प्रकाशन र यसको भुक्तानी पाउने विषय आफैमा चुनौतिपूर्ण रहेपनि कर्मचारी यूनियन पाल्पाले ठुलो हिम्मत र उत्साहका साथ जोखिम नै मोलेर भएपनि भित्ते पात्रो प्रकाशनलाई निरन्तरता दिएको बताए ।

कार्यक्रममा नेपाली कांग्रेसका महाधिवेशन प्रनिनिधि कृष्णप्रसाद अधिकारी, जिल्ला कार्यसमिति पाल्पाका प्रवक्ता शोभाखर न्यौपाने, नेपाल निजामति कर्मचारी यूनियन जिल्ला कार्य समितिका सल्लाहकार एवं केन्द्रिय महाधिवेशन प्रतिनिधि भरतराज घिमिरे, यज्ञेश्वर पन्थी, डिफान लुम्बिनी प्रदेश उपाध्यक्ष तथा युनियन जिल्ला कार्य समिति सल्लाहकार संयोग बस्नेत, युनियन जिल्ला कार्यसमिति उपाध्यक्ष लिलामणी बस्याल सहित युनियनमा आबद्ध कर्मचारीहरू साथै युनियन प्रेमीहरूको सहभागिता रहेको थियो, भने जिल्ला कार्य समिति सचिव ओमप्रकाश न्यौपानेले कार्यक्रम सञ्चालन गरेका थिए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## शुभकामनाको अर्थ

हामीले विक्रम सम्वत २०८० सालको अन्तिमसम्म देश र जनताको मुहारलाई फेर्ने रहर भएर पनि चाहेजति उपलब्धी हासिल गर्न सकेनौं । समस्याहरु बीचमा हामी सधैं लडिरहने प्रवृतिको अन्त्य गर्छौं भन्यौ तर गर्न भने चाहे जति सकेनौं । जे होस्, यो वर्ष भिन्न–भिन्न चरित्रका सरकार निर्माण भए तर पद्धति अनि कार्यनीति र जनताका आशाका पर्खालहरु निर्माण भएनन् । बरु जनताका आशा र भरोशाहरु कतिपय भत्किए अनि सपनाहरु क्षत विक्षत पनि भए । खिन्न छन् जनता, भ्रष्टाचारी भनेर धेरैलाई कार्यवाही गरियो, त्यो केवल सरकारले जनतालाई देखाएको ललिपपमै सिमित भयो । उपलब्धी शून्य भए, मात्र संसारभर हामी भ्रष्टाचारमा लिप्त रहेछौ भन्ने प्रचारवाजीमै सिमित भए । हाम्रा समातिए, सामान्य कार्यवाही शुरु भए, प्रचारवाजी भयो तर अब के हुन्छ ? आशा र भरोशा गर्ने ठाउँ पनि रहेन जनतासँग । चोरलाई साधु बनाउने र चोख्याउँदै सरकाररुपी गायत्रीमन्त्रले कर्मकाण्डी परामा जनतालाई खिज्याइरहने बाहेक केही पनि गर्न सकेको देखिएन ।

आशे खेतीबाट वाक्क भएका जनता, कहिले नयाँ रवि र कहिले पुराना कविको चर्तिकलालाई नजिकबाट नियालिरहेका छन् । जिस्क्याइरहेको आभास स्वरुप नयाँ बजेट र नीति अनि कार्यक्रमका विषयमा मन्त्रीहरु कुर्लिरहदा सञ्चारका माध्यमको प्रयोग अनि दुरुपयोगका गाथा वेथाहरु त्यतिकै मौलाइरहेका छन् । देश अब देश रहेन, नेताको क्रिडास्थल मात्रै भयो भन्नेहरु पनि कानमा तेल हालेर चित्कारात्मक नाटकलाई मञ्चन गर्ने बाहेक केही पनि गर्न सकेका छैनन् । अब पर्सीदेखि शुभकामनाका फर्मेटमा सामाजिक सञ्जाल रङ्गिछन्, सबैले सबैलाई शुभकामना दिन्छन्, सुधार र उधारका पीडितहरु प्रति कतैबाट पनि सम्वोधन भएको देख्न पाइदैन । त्यसकारण अब छोडौ यो महानाट्यशालाको मञ्चन, अब त देश र दुनियालाई बदल्ले गरी दृढता, साहस र हिम्मतका पाइला अगाडि बढाउने खालका व्यवहारिक र वास्तविक शुभकामना आदान प्रदान गरौं । अनि मात्र देश र जनताका समस्याहरु उजागर हुन्छन् र त्यतिबेला मात्र शुभकामनाको अर्थ रहन्छ ।

### Opinion @ Social Network

जिन्दगीको दौडानमा हरेक ठाउँमा सफल हुनु पर्छ भन्ने छैन मलाई । मलाई त मेरो कारण अर्को कुनै ब्यक्ति असफल नहोस् भन्ने मात्र छ
*(गीता भट्टराईको फेसबुक स्टाटस https://www.facebook.com/gita.bhattarai)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# कहिलेसम्म बेइमानीको राजनीति ?



डा.डीआर उपाध्याय

*विकसित मुलुकका प्रधानमन्त्री, राष्ट्रपतिलगायत उच्च ओहोदाका व्यक्ति एवं व्यक्तित्व कामबाट निवृत्त भएपछि राज्यबाट सुविधा नलिएको पाइन्छ । तर, हाम्रो मुलुकका प्रधानमन्त्री, राष्ट्रपति, उपराष्ट्रपति, गृहमन्त्री, सभामुख लगायत पूर्वभिआइपीहरुले सुविधा लिने गरेका छन् । गरिब जनताको करबाट जम्मा भएको ढुकुटी दुरुपयोग गर्ने काम भएको छ । यस मुलुकलाई बिगार्ने दलहरू र तिनका नेता हुन् । मुलुक चलाउन नसक्ने असक्षमलाई पटक–पटक मतदान गरेर सत्तामा पुऱ्याउने काम जनताले गरिरहेका छन् । भ्रष्ट र स्टनबाजहरूका पछाडि जनता लाग्नु गलत हो । असक्षम व्यक्तिहरूले सत्तामा पुग्न जे पनि गरिरहेका छन् । पैसा नभएर सक्षम तथा इमानदार व्यक्तिहरू राजनीतिमा आउन सकिरहेका छैनन् । राजनीति पैसाले चल्ने भयो । स्वाभिमानी सक्षमहरू राजनीतिमा टिक्न सकिरहेका छैनन् । लोकतन्त्र त आयो, तर व्यवहारमा आएन । लोकतन्त्र आएपछि सबै चिज महँगिएको छ । युवापुस्ताले मुलुक छोड्नुपरेको छ । उत्पादन घटेको छ, भ्रष्टाचार बढेको छ । यस्तै हो त लोकतन्त्र ? लोकतन्त्रको अनुभूति जनताले गर्न पाएनन् । लोकतन्त्र सीमित, नेता, कार्यकर्ता र नेताका नातागोताहरूलाई मात्र भयो । विधिको शासन हराउँदै गयो । राज्यका निकायहरू तथा कर्मचारीतन्त्रमा लोकतान्त्रिक आचरण तथा व्यवहार हुन सकेन ।*

के हाम्रा दल र दलका नेताहरूले इमानको राजनीति गर्छन् त ? यसको उत्तर जटिल बन्दै गएको छ । इमानको राजनीतिको जवाफमा दशकौं ग्रुजिएको छ । राजनीतिलाई यति धेरै फोहोरी बनाइयो कि शब्ददेखि घृणा उत्पन्न हुन थाल्यो आममानिसमा । विचार र सिद्धान्तको हुनुपर्ने हो तर व्यक्तिगत, नातागत, गुटगत र पार्टीगत स्वार्थभन्दा माथि उठ्न सकेन राजनीति । मूल आदर्शबाट विचलित भएर नितान्त आफ्ना स्वार्थका लागि जस्तोसुकै अपवित्र गठबन्धन गर्ने हाम्रा राजनीतिक पार्टीको पहिचान नै बनेको छ । अलिकति नैतिकता र इमानदारिमा यिनीहरूमा बचेको पाइँदैन । यो–त्यो बाहनामा कुर्सी बदलिन्छन्, तर पात्र र प्रवृत्तिले निरन्तरता पाइरहेका छन् । आमजनतामा नेता, पार्टी र कार्यकर्ताप्रति घृणा बढ्दै गएको छ । देशको भविष्यका बारेमा राजनीतिक दल र तिनका नेताहरूमा चिन्ता छैन । उनीहरू व्यक्तिगत स्वार्थको चिन्तामा मात्र व्यस्त छन् । दलहरू सत्ताका लागि 'गाईजात्रा' गरिरहेका छन् । केन्द्रका बाछिटा प्रदेश सरकामा परेका छन् । कुनै दिन विकासलाई बहसको विषय बनाएको पाइँदैन । पछिल्लो समय धेरै सुनिने शब्दमा 'विश्वासको मत', 'नयाँ सरकारका लागि आफवान', 'सत्ता समीकरण' रहेका छन् । प्रदेशहरूमा यसबीचमा पाँचपटक त कहीं छ पटकसम्म सरकार परिवर्तन भइरहेका छन् ।

राजनीति बिग्रिँदै गयो भने सबै क्षेत्र बिग्रँदै जाँदो रहेछ । वर्तमान राजनीतिक दलहरू र यिनीका क्रियाकलापले चरम निराशा बढाएको छ । जनता अलमल बनाउने र स्वार्थ पूरा गर्ने कामबाहेक नेताहरूले अरू देश र जनताको पक्षमा के नै गरेर देखाएर ? राजनीतिक स्वार्थ र आफू बन्ने कामबाहेक केही गरिरहेका छैनन् । सत्ता स्वार्थको वरिपरि घुमेर मुलुकले निकास पाउँन सक्दैन । सरकारले केही राम्रो काम गर्छ कि भन्ने आश थियो त्यो पनि फेरि हराउँदै गएको छ । राजनीति व्यापार भयो, राजनीतिका नाममा व्यापार गर्नेहरू माथि अब जनताले प्रश्न उठाउनुपर्छ । जनता चुप लाग्नु राम्रो होइन । लोकतन्त्रमा चित्त नबुझेका कुरा राख्न पाइन्छ । विरोध गर्न पाइन्छ । खबरदारी गर्न पाइन्छ । आखिर हामी किन चुप लागेर बसिरहेका छौं ? सत्ताकेन्द्रित राजनीतिले देशको भविष्य बर्बाद हुनेभयो । मुलुकमा विकास र सुशासन कायम हुनसकेन । भ्रष्टाचार बढेर जानु राम्रो विषय होइन । गठबन्धन हेरफेर पनि राम्रो होइन । यसले विकासको गतिलाई रोक्छ । जनताका काममा ढिलासुस्ती छ । पारा पुरानै छ भने यी दलहरूबाट जनताले थप नयाँ आस के गर्ने ? कसैले आलोचना गर्दा नेताहरू रिसाउँछन्, यस्तो पनि हुन्छ ? विकास निर्माणका काम ओझेलमा परेको अवस्था छ । आज देशमा नेताहरूले सबै कुरा बिगारे भन्ने अभिव्यक्ति आउने गरेको पाइन्छ । नीतिभन्दा नेता हावी भए । मुलुकमा सुशासन हरायो, भ्रष्टाचार मौलायो । नेताहरू तस्कर र माफियाको वरिपरि सीमित भए । राजनीतिमा परिवारवाद हावी भयो । शिक्षालय, न्यायालय, मन्त्रालय लगायतका ठाउँहरूमा भागबण्डा हुनेगरेको छ । संवैधानिक आयोगहरू एवं विभिन्न निगमलगायतका ठाउँमा राजनीतिक दलहरूले भागबण्डा गरेर खाइरहेका छन् । मुलुक र जनतालाई केन्द्रमा राखेर काम गर्ने नेता मुलुकमा कोही भएनन् । मुलुकको अर्थतन्त्र डामाडोल छ । विकसित मुलुकका प्रधानमन्त्री, राष्ट्रपतिलगायत उच्च ओहोदाका व्यक्ति एवं व्यक्तित्व कामबाट निवृत्त भएपछि राज्यबाट सुविधा नलिएको पाइन्छ । तर, हाम्रो मुलुकका प्रधानमन्त्री, राष्ट्रपति, उपराष्ट्रपति, गृहमन्त्री, सभामुख लगायत पूर्वभिआइपीहरूले सुविधा लिने गरेका छन् । गरिब जनताको करबाट जम्मा भएको ढुकुटी दुरुपयोग गर्ने काम भएको छ । यस मुलुकलाई बिगार्ने दलहरू र तिनका नेता हुन् । मुलुक चलाउन नसक्ने असक्षमलाई पटक-पटक मतदान गरेर सत्तामा पुऱ्याउने काम जनताले गरिरहेका छन् । भ्रष्ट र स्टनबाजहरूका पछाडि जनता लाग्नु गलत हो । असक्षम व्यक्तिहरूले सत्तामा पुग्न जे पनि गरिरहेका छन् । पैसा नभएर सक्षम तथा इमानदार व्यक्तिहरू राजनीतिमा आउन सकिरहेका छैनन् । राजनीति पैसाले चल्ने भयो । स्वाभिमानी सक्षमहरू राजनीतिमा टिक्न सकिरहेका छैनन् । लोकतन्त्र त आयो, तर व्यवहारमा आएन । लोकतन्त्र आएपछि सबै चिज महँगिएको छ । युवापुस्ताले मुलुक छोड्नुपरेको छ । उत्पादन घटेको छ, भ्रष्टाचार बढेको छ । यस्तै हो त लोकतन्त्र ? लोकतन्त्रको अनुभूति जनताले गर्न पाएनन् । लोकतन्त्र सीमित, नेता, कार्यकर्ता र नेताका नातागोताहरूलाई मात्र भयो । विधिको शासन हराउँदै गयो । राज्यका निकायहरू तथा कर्मचारीतन्त्रमा लोकतान्त्रिक आचरण तथा व्यवहार हुन सकेन ।

लोकतन्त्र भनेको अरूको विचारको आदर गर्ने, सबैको हित र कल्याणका लागि काम गर्ने शासन व्यवस्था हो । तर, हाम्रो देशमा नेताहरूले लोकतन्त्रको खिल्ली उडाइरहेका छन् । दलहरूका बीचमा आन्तरिक रिस, डाह, इर्ष्या, गुटबन्दी तथा स्वार्थको अभ्यास व्याप्त छ । देश र जनताको पक्षमा काम नगर्नेहरूले राजनीति नगरे हुन्छ । मुलुकका राजनीतिक दल र यिनका नेता बेइमानी भए । बेइमानको राजनीतिले मुलुक कहाँ पुग्ने होला ? मुलुक नेतामुखी स्वार्थको चंगुलमा फसेको छ । मुलुकको आवश्यकता के हो ? विकासका कार्ययोजना कस्ता बनाउने ? आर्थिक समृद्धि कसरी ल्याउने ? सुशासन कसरी स्थापित गर्ने ? के यी विषयमा छलफल भएका छन् । शिक्षित युवाहरूलाई रोजगारको सिर्जना गर्ने विषयमा चिन्ता देखिँदैन । प्रशासनतन्त्र पनि राम्रो भएन । देशको अर्थतन्त्र खराब बन्दै गएको छ । जनताका आवश्यकता जहाँको त्यहीं छ । हिजोभन्दा आज झन् जनताका समस्या बढिरहेका छन् । गरिब जनता बिहान बेलुकाको राम्रोसँग गुजरा चलाउन सकिरहेका छैनन् । अवस्था दयनीय छ । खुशी हुने ठाउँ कतै पनि भेटिँदैन । नेतामात्र बन्ने परिवर्तनको कुनै अर्थ छैन । जनता सधैं गरिबमात्र बन्ने नेता धनी बन्दै जाने परिवर्तको खासै महत्त्व देखिँदैन । सरकार बन्ने र ढल्ने खेल फोहोरी राजनीतिको स्वरूप हो । हुन त कुनै पार्टीको संसद्मा स्पष्ट बहुमत नहुँदा यस्ता विकृति मौलाउनु स्वाभाविक हो । मूलकारण समानुपातिक निर्वाचन प्रणाली नै हो । यो निर्वाचन प्रणाली ठीक छैन खारेज गर्नुपर्छ । यो प्रणाली कायम भएसम्म ८४ सालमा हुने निर्वाचन परिणाम पनि यस्तै आउने हो ।

अहिलेको व्यवस्थामा राखिएको समानुपातिक निर्वाचन प्रणालीकै कारण प्रत्यक्ष निर्वाचनमा कुनै पनि दलको बहुमत नआएपछि यस्तै भइरहने हो । यो निर्वाचन प्रणाली र अनावश्यक सांसद चाहिँदैन । दलहरूले नाता र आसेपासेलाई सांसद बनाउन यो व्यवस्था राखेका हुन् । अहिलेको निर्वाचन प्रणालीबाट राजनीतिक अस्थिरता बढेर गएको हो । राजनीतिको दुरुपयोग गरेर मुलुकलाई बर्बाद बनाउनेहरू पनि छन् । उनीहरूले नै मुलुक कब्जा गरेर बसेका छन् । राजनीति गर्नेहरूले बुझेर पनि बुझ पचाइरहेका छन् । चुनावका बेलामा गरेका बाचा र आश्वासन दलहरूले पूरा गरे कि गरेनन् । जनताले उनीहरूसँग हिसाबकिताब माग्नुपर्ने कि नपर्ने ? देश विकासका लागि स्थायित्व र स्थिरता अनिवार्य शर्त भएजस्तै नैतिकता पनि राजनीतिको अनिवार्य शर्त हो । नैतिकताविनाको राजनीतिको कुनै अर्थ हुँदैन । राजनीतिमा नैतिकता आधारभूत मान्यता हो तर हामीकहाँ यसको खडेरी छ । सत्ताकै लागि जुनसुकै र जस्तो सुकै गठबन्धन गर्न पछि नपर्ने अलिकति पनि नैतिकता देखाउनुनपर्ने कस्तो संस्कारको विकास गर्दै छौं ? यो गम्भीर प्रश्न हो । सत्ता फेरेको फेऱ्यै, मन्त्री फेरेको फेऱ्यै, के यही हो लोकतन्त्र ? यसले स्थिरता, स्थायित्व र विकास सम्भव छ ? सब सचेत वर्गले नैतिकतालाई धुमिल पार्दै गएको राजनीतिमा हस्तक्षेप गर्नुपर्छ अन्यथा भोलिको पुस्ताले हामीलाई धिक्कार्ने छ । त्यसैले सचेत वर्गले आ-आफ्नो ठाउँबाट खबरदारी गरौं ।

*-इहिमालय टाइम्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : शत्रुहरू किनारा लाग्नेछन्। प्रतिस्पर्धामा पनि विजयी भइनेछ। | **तुला** : आलस्य गर्दा अवसर गुम्न सक्छ। खर्चको मात्रा पनि बढ्ने देखिन्छ। |
| **बृष** :अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा लक्ष्य प्राप्त गर्न विलम्ब हुनेछ। | **बृश्चिक** :लाभ हुने काम प्रारम्भ गर्ने समय छ। साझेदारीमा राम्रो फाइदा हुनेछ। |
| **मिथुन** :योजना गोप्य राखेर अघि बढ्नुहोला। काम बिग्रन सक्छ। | **धनु** :कामको सन्दर्भमा विशिष्ट व्यक्तित्वहरूसँग मित्रता बढ्नेछ। |
| **कर्कट** :अनुकूल समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। | **मकर** :जिम्मेवारी भने बढिरहनेछन्। बाध्यताले अप्ठ्यारोमा पार्न सक्छ। |
| **सिंह** : अरूको भरपर्दा काम रोकिन सक्छ। योजना कार्यान्वयन नहुन सक्छ। | **कुम्भ** :अप्ठ्यारोमा पनि काम बन्नेछन्। प्रयत्न गर्दा समयको सदुपयोग हुनेछ। |
| **कन्या** :पारिवारिक जमघटमा मन र माउनेछ। भेटघाटले नोक्सान हुनसक्छ। | **मीन** : व्यवसायमा लाभ हुनेछ। व्यावसाय विस्तारका लागि यात्रा पनि हुनेछ। |

मनोरञ्जन

# ‘म गफाडी माइलालाई संयम गराउने पात्र हुँ’




अभिनेत्री आँचल शर्माका लागि यस वर्ष (२०८०)को सुरुवात निराशाजनक बन्यो । बैशाखमा रिलिज भएको चर्चित फ्रेन्चाइज फिल्म ‘नाईं नभन्नू ल’को छैटौं शृंखला असफल बनेको थियो । यसको नतिजा उनका लागि अनपेक्षित थियो । अब यस वर्षका लागि उनको अन्तिम फिल्म ‘डिग्री माइला’ यही शुक्रबारदेखि प्रदर्शनमा आउँदैछ । यो फिल्मले वर्षको अन्त्य सुखद् गराउने उनको विश्वास छ । यसमा आँचलको जोडी अभिनेता दयाहाङ राई हुन् । नेपाली फिल्मका लागि यो ‘फ्रेस जोडी’ हो । दयाहाङसँग काम गर्दा धेरै कुरा सिक्न पाएको आँचलको अनुभव छ । उनी भन्छिन्, ‘मैले स्क्रिप्टमा रहेका र स्क्रिप्ट बाहिरका धेरै कुराहरु उहाँसँग छलफल गर्न पाएँ । अनुभव र परिपक्वताले उहाँको कुराहरु अर्थपूर्ण हुने गर्छन् । त्यसले गर्दा पनि काम गर्न सजिलो भयो । र, धेरै कुरा सिक्न पाएँ ।’

फिल्ममा आफू माइला पात्रलाई संयम गराउने चरित्रमा रहेको उनको भनाइ छ । ‘यसमा एकदमै गफाडी पात्र (दयाहाङ राई)लाई संयम गराउने चरित्रमा छु । हरेक व्यक्तिलाई जीवनमा बाटो बिराउँदा संयम गराउन एकजना पात्र चाहिन्छ । चाहे त्यो परिवारभित्र होस् वा पार्टनरमा । ‘डिग्री माइला’मा म त्यो पात्र हुँ । मेरो पात्रले बतासिएको माइलालाई रोक्न प्रयास गरेको छ,’ आँचलले भनिन् । उनलाई हरेक चरित्र चुनौतीपूर्ण हुन्छ भन्ने लाग्छ । त्यसमाथि ‘डिग्री माइला’को टिमसँग उनको पहिलो सहकार्य थियो । कसरी काम हुन्छ भन्ने उनलाई थाहा थिएन । आफूले गरेको काम टिमलाई कस्तो लाग्ने हो भन्ने उनलाई डर थियो । राम्रो कलाकारहरुसँग काम गर्दा आफू कहीं कतै चुकिन्छ कि भन्ने पनि उनलाई लागेको थियो । तर, यस्तै टिमसँग काम गर्दा सिक्न पाइने उनको अनुभव छ ।

*-फिल्मी खबर डटकम*

# अन्तरिक्ष यात्रीको भूमिकामा प्रदीप खड्का




अभिनेता प्रदीप खड्काको नयाँ फिल्मको घोषणा गरिएको छ । फिल्म ‘एक्लो’मा प्रदीप अन्तरिक्ष यात्रीको भूमिकामा देखिने भएका हुन् । सार्वजनिक गरिएको थिम पोस्टरमा अन्तरिक्ष यात्रीलाई चित्रित गरिएको छ । पात्रको अनुहार नदेखाइएको भए पनि यो भूमिकामा प्रदीपले अभिनय गर्ने जानकारी दिइएको छ ।

प्रदीप शाहीको निर्देशनमा बन्ने यो फिल्म तीन सिरिजमा निर्माण हुने बताइएको छ । यसमा प्रदीपको अपोजिटमा अभिनेत्री बेनिशा हमाल हुने छिन् । त्यस्तै सुनिल थापा, विजय लामा, दीया पुन, कविता नेपाली, एवनराज उप्रेती लगायतको पनि मुख्य भूमिका रहने जानकारी दिइएको छ । यो फिल्म सन् २०२५ मा रिलिज गरिने पोस्टरमा उल्लेख छ । शाइ प्रोडक्सन नेपालको ब्यानरमा निर्माण हुन लागेको ‘एक्लो’मा ह्याम्साएर एकाउन्टेनले सहकार्य गरेको छ । अहिले सेट डिजाइन र प्रि-प्रोडक्सनको काम भइरहेको कार्यकारी निर्माता क्षितिज सुवेदी खत्रीले जानकारी गराएका छन् । यस फिल्मको छायांकन वर्षको साउन अन्तिम साताबाट सुरु हुने निर्माण पक्षले जानकारी दिएको छ ।

*-डिसी नेपाल डटकम*


**लुम्बिनी प्रदेश सरकार**
**वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय**
**पर्यटन विकास परिषद्**
**बुटवल, रुपन्देही नेपाल**

## तालिम सञ्चालन सम्बन्धी सूचना

प्रकाशित मिति : २०८०/१२/२८

पर्यटन विकास परिषद्, लुम्बिनी प्रदेशको आयोजनामा देहाय बमोजिमको तालिम सञ्चालन गरिने हुँदा इच्छुक तथा योग्य नेपाली नागरिकहरुले मिति २०८१ साल बैशाख ०४ गते भित्र तपसिल बमोजिमका मापदण्डका अधिनमा रहि दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.स | तालिमको नाम | तालिम हुने समय र स्थान | संख्या |
|---|---|---|---|
| १ | होमस्टे तालिम | बिहान ८:३० देखि बेलुकी ५:०० बजे सम्म, पाल्पा | ४० जना |

**नोट:**
- आवेदन फारम पर्यटन विकास परिषद्को कार्यालय बुटवल, पर्यटन सूचना केन्द्र नेपालगंज बाकेबाट उपलब्ध गराइनेछ साथै email/website-https://tdc.lumbini.gov.np मार्फत प्राप्त गर्न सकिने छ ।
- प्रशिक्षार्थी १८ वर्ष उमेर पुगेको र नेपाली नागरिक हुनु पर्ने छ ।
- प्रशिक्षार्थीको शैक्षिक योग्यता सामान्य लेखपढ गर्न सक्ने र होमस्टे पेशामा कार्यरत तथा अनुभवीलाई प्राथमिकता दिइने छ ।
- प्रशिक्षार्थीले अनुसूची १ बमोजिम फारम भरि नागरिकता, शैक्षिक प्रमाणपत्र, प्रतिलिपि र २ प्रति पासपोर्ट साइजको फोटो उपलब्ध गराउनु पर्ने छ ।
- तालिम बैशाख ०९, २०८१ देखि संचालन हुनेछ । प्रशिक्षार्थी अनिवार्य रुपमा तालिम अवधिभर उपस्थित हुनु पर्ने छ ।
- तालिम अवधिभर खाना र खाजाको व्यवस्था परिषद्वाट उपलब्ध हुनेछ । सो भन्दा बाहेक अन्य कुनै भत्ता उपलब्ध हुने छैन र अन्य थप शुल्क पनि लाग्ने छैन ।
- थप जानकारीका लागि: ०७१-५९१२२० वा Email-tdclumbini@gmail.com


# सिनेमा किन बनाइन्छ ?



भेनिस फिल्म फेस्टिभलमा प्रिमियर भएर तीन मिनेट लामो स्ट्यान्डिङ ओभेसन पाएको चलचित्र ‘द रेड सुटकेस’का लेखक तथा निर्देशक फिडेल देवकोटालाई हामीले सोध्यौं- तपाईं किन सिनेमा बनाउनुहुन्छ ? उनले भने- कथा भन्ने हुटहुटीले सिनेमा बनाउँछु । जब उनलाई कुनै कथा मैले नै भन्नुपर्छ भन्ने लाग्छ, तब फिडेल सिनेमा बनाउने कल्पना गर्न थाल्छन् । “यो कथा मैले भन्नैपर्छ भन्ने मनमा आगो बल्छ । यो कथा संसार पुऱ्याउनैपर्छ, त्यति नभएसम्म मलाई शान्ति हुँदैन भन्ने लाग्छ,” फिडेल भन्छन्, “द रेड सुटकेसकै कुरा गर्दा पनि मलाई त्यस्तै भयो । सिनेमा बन्यो । कथा मैले अभिव्यक्त गर्नैपर्छ भन्ने लागेपछि म सिनेमा बनाउँछु ।” उनको प्राथमिकतामा सधैँ कथा पर्छ । कथामध्ये पनि अब्बल कथा पर्छ । प्रस्ट पार्दै उनी भन्छन्, “थुप्रै गान्ट पाएका स्क्रिप्ट थाती राखेर मैले पहिला द रेड सुटकेस बनाएँ । कथा भन्ने हुटहुटी नभएको भए यो सिनेमा मेरो पहिलो फिचर फिल्म हुँदैन थियो । मेरो करिअरमा अरू नै सिनेमा पहिलो फिचर फिल्म हुन्थे ।” फिडेलका निम्ति सिनेमा अभिव्यक्तिको माध्यम हो । नि:सन्देह निर्देशक स्टोरीटेलर हुन् । उनीहरूले दृश्य भाषामार्फत कथा भन्ने हो ।

सिनेमा मुख्यत: दुई उद्देश्यले बनाउने गरिएको उनी बताउँछन् । उनी भन्छन्, “सिनेमा सेल अ स्टोरी अथवा टेल अ स्टोरी हो । त्यसमध्ये म सिनेमा टेल अ स्टोरी हो भन्ने मान्यता राख्छु ।” अर्थात्, उनको प्राथमिकतामा बलिउड फर्मुलामा बनाइने सिनेमा होइन, आर्टहाउस मुभी पर्छन् । “म सिनेमा कथा भन्नका लागि बनाउँछु । दृश्यमार्फत् कथा भन्छु । तर, सिनेमा बनिसकेपछि मेरो हुँदैन । त्यो दर्शकको हुन्छ । दर्शकले त्यसलाई कसरी ग्रहण गर्नुहुन्छ त्यो उहाँहरूको कुरा भयो,” उनी भन्छन्, “मेरो काम सिनेमामार्फत अभिव्यक्त गर्नु हो, गर्छु । त्यसलाई कसरी बेच्ने, दर्शकले कसरी लिने त्यो अरू तपसिलका कुरा भए ।” अर्थात्, निर्देशकले सिनेमालाई आर्ट मानेर बनाउने हो । त्यसको बजार कहाँ-कहाँ खोज्ने, कसरी बेच्ने, ग्लोबल अडियन्ससम्म कसरी लैजाने त्यो वितरक र प्रोडुसरको काम हो । सिनेमा देशको इतिहास भएको फिडेल बताउँछन् । सिनेमामा देशको प्रतिविम्ब देखिनुपर्नेमा उनको जोड छ । आफूले चलचित्र बनाइरहेको समयको प्रतिविम्ब नै सिनेमा भएको उनको बुझाइ छ । देशको सिनेमामा त्यो मुलुकको अनुहार देखिनुपर्ने उनको धारणा छ । अभिनेता सौगात मल्ल कलाकारका निम्ति सिनेमा अभिनयको तिर्खा मेट्ने माध्यम भएको बताउँछन् । यही भएर आर्टहाउस मुभीमा आफूले कतिपयलाई फेवर दिएर पैसा समेत नलिई काम गर्ने गरेको उनी स्मरण गर्छन् । “कथा भन्नु नै सिनेमाको मुख्य उद्देश्य हो भन्ने लाग्छ । मलाई मात्रै होइन, धेरै एक्टरलाई यस्ता सिनेमामा काम गर्न मन लाग्छ होला,” सौगात भन्छन्, “कारण, कथाप्रधान सिनेमामा एक्टरले आफ्नो कला देखाउन पाउँछ । आफ्नो माध्यमबाट कथा भन्ने मौका पाउँछ । यो अवसरको खोजीमा म मात्र होइन, हरेक एक्टर हुनुहुन्छ भन्ने लाग्छ ।” कमर्सियल सिनेमा पनि चाहिने र आफूले काम गरिरहेको उनी स्पष्ट पार्छन् । सिनेमा उद्योगलाई टिकाउन पनि दुवै खालका चलचित्र बन्न आवश्यक रहेको अन्यथा यो क्षेत्रको विकास नहुने उनको भनाइ छ । “मैले आजसम्म विश्वमा कुनै पनि त्यस्तो विकसित सिनेमा इन्डस्ट्री देखेको छैन, जुन देशमा दुवै खालका सिनेमा नहून्,” उनी भन्छन्, “आर्टहाउस र कमर्सियल दुवै सिनेमा समानान्तर रूपमा अगाडि बढेका उद्योग नै विकासित छन् । कुनै एक खालका सिनेमाले मात्रै चलचित्र उद्योग बलियो हुँदैन ।” नेपालमा तुलनात्मक रूपमा आर्टहाउस सिनेमा कम बनिरहेको र यसलाई अगाडि बढाउन सबैको उत्तिकै सहयोग आवश्यक रहेको उनको धारणा छ । “कमर्सियल सिनेमा बनिरहेका छन् । चलिरहेका पनि होलान् । तर, आर्टहाउस मुभी कम बनिरहेका छन् । यस्ता सिनेमालाई हामी सबैले पुस गर्नुपर्छ,” सौगात थप्छन्, “यस्ता सिनेमा बनाउन प्रोडुसर नै पाइँदैन । हामी आफैँले भोगिरहेको समस्या हो । त्यसैले म बारम्बार भनिरहेको हुन्छु- आर्टहाउस सिनेमा पनि त्यति नै बन्नुपर्छ, जति कमर्सिल सिनेमा बनिरहेका छन् ।”

आर्टहाउस मुभीका दर्शक कम रहेको उनी बताउँछन् । यस्ता सिनेमा अरूभन्दा फरक हुन्छन् भनेर मानसिक रूपमा नै तयार भएर हेर्नुपर्नेमा उनी जोड दिन्छन् । मास अपिलिङ सिनेमा र आर्टहाउस मुभीमा ठूलो भिन्नता रहने भन्दै सौगात स्पष्ट पार्छन्, “लुट, कबड्डीजस्ता सिनेमालाई किन ग्लोबल अडियन्सले वास्ता गर्दैनन् ? तर, कन्टेन ओरियन्टेड सिनेमा किन ल्याउन हामी हेर्छौं भनेर भन्छन् ? यी सिनेमा हेर्दा फरक के हो, छुट्टिन्छ ।” आफ्नो देशको कथा विश्वमा पुऱ्याउन र इन्टरटेनमेन्ट दुवैका लागि सिनेमा बनाइने गरेको उनको भनाइ छ । “सबैको आ-आफ्नै कथा छ । सबैसँग कथा छ, जो विश्वसँग छैन । यसका लागि पनि हामीले सिनेमा बनाउनुपर्छ,” सौगात अगाडि भन्छन्, “हामीले सिनेमामार्फत आफ्ना कथा ग्लोबल अडियन्ससामु पुऱ्याउनुपर्छ । यसका लागि सिनेमा बन्नुपर्छ । हामीले बनाउनुपर्छ । बनाउने व्यक्तिलाई सहयोग गर्नुपर्छ ।” निर्माता रामकृष्ण पोखरेल निर्देशकले केका निम्ति सिनेमा बनाउन खोजेको पहिला त्यो हेरेर लगानी गर्ने अथवा नगर्ने निर्णयमा पुग्ने गरेको बताउँछन् । “आफूसँग कोही निर्देशक आएर स्टोरी न्यारेट गर्छ भने त्यसको उद्देश्य र प्रभाव के हो भनेर खोज्छु,” रामकृष्ण भन्छन्, “सिनेमा किन बनाउन लागेको हो ? भिजन के हो ? कुन वेबाट कथा भन्न लागेको हो श्र किन कथा भन्न लागेको हो ? कथाभित्रको क्यारेक्टरको भ्यालु के हो भन्ने हेरेर मात्रै लगानीको निर्णयमा पुग्छु ।” इन्टरटेनमेन्टका निम्ति मात्र आफूले सिनेमा नबनाउने गरेको उनी स्पष्ट पार्छन् । “हाम्रो कम्पनी र मेरो उद्देश्य ग्लोबल अपिल गर्ने सिनेमामा मात्र प्रोडुस गर्नु हो । हामीले कथा भन्ने सिनेमाको ग्लोबल अपिल कति छ भन्ने हो,” उनी भन्छन्, “ग्लोबल अडियन्सलाई हाम्रो कथा देखाउन हामीले सिनेमा देखाउने हो । हामीले बनाएको सिनेमा नेपालमा मात्रै होइन, विश्वको कुनै पनि कुनामा लगेर देखाउन सकियोस् ।” कथा, पात्र र कथ्यशैलीमार्फत नेपाललाई चिनाउन आफूले सिनेमा बनाउने गरेको उनी बताउँछन् । तत्कालका निम्तिभन्दा पनि दीर्घकालीन हिसाबले आफूले सिनेमामा लगानी गर्ने गरेको उनको भनाइ छ । कथा भनिसकेपछि त्यसको दूरगामी प्रभाव पानुपर्छ भन्ने उनको मान्यता छ । “सिनेमा बनाएपछि त्यसको प्रभाव लामो समयसम्म परोस् भन्ने हाम्रो चाहना हुन्छ । भोलि हाम्रा छोरोछोरी विभिन्न देशमा जालान्, विश्वभरका मान्छेलाई भेट्लान्, साथी बनाउलान्,” रामकृष्ण भन्छन्, “त्यो बेला कुरा हुने भनेको खानाको, ठाउँको, संस्कार र संस्कृतिको, वेशभूषाको हुन्छ । सिनेमा, आर्टका कुरा हुन्छ, त्यति बेला हाम्रा छोराछोरीले यो नेपाली सिनेमा हो भनेर देखाउन सक्ने सिनेमा बनाउनुपर्छ भनेर लगानी गर्ने हो ।”

आज हेरेर भोलि बिर्सने सिनेमामा आफ्नो आकर्षण नरहेको र रोजाइमा पनि नपर्ने उनी बताउँछन् । आजको सिनेमाको आयु ५०औं वर्षसम्म होस् र त्यसले देशको प्रतिनिधित्व गरोस् भन्ने उद्देश्यले आफूले सिनेमा बनाउने गरेको रामकृष्ण दोहोऱ्याउँछन् । कथा प्रधान सिनेमालाई नेपालमा सहज नरहेको उनको अनुभव छ । फाइनान्स जुटाउनदेखि वितरण र प्रदर्शनसम्म समस्या रहेको उनको गुनासो छ । “यही सिनेमाले थोरै शो पाउला । यहाँ व्यक्ति मात्रै होइन, सिस्टमले नै कन्टेन ओरियन्टेड सिनेमालाई न्याँक्दै न्याँक्दै लैजान्छ,” उनी भन्छन्, “यो अवस्था चिर्न पनि आर्टहाउस सिनेमा निर्माणको रोजाइमा पर्नुपर्छ ।” देशको इतिहास र पहिचान बोल्ने सिनेमा मेकरको रोजाइमा पर्नुपर्नेमा उनी जोड दिन्छन् ।

*-बाह्रखरी डटकम*

# रेसुङ्गामा नागरिकसँग मेयर कार्यक्रम

**हाम्रा संवाददाता**

**गुल्मी,** चैत २७/रेसुङ्गा नगरपालिकाले 'समुन्नत रेसुङ्गा हाम्रो सान, उत्कृष्ट नगर सबैको पहिचान' भन्ने नाराका साथ दोश्रो चौमासिक अवधिमा नागरिकसंग मेयर कार्यक्रमको आइतबारदेखि शुरु गरेको छ । सार्वजनिक सुनुवाई सहित नागरिकका गुनासो अनि प्रतिक्रियाका आधारमा भावी योजना निर्माणमा यो कार्यक्रम कोशेढुंगा सावित हुने धारणा नगर प्रमुख खिलध्वज पन्थीको छ ।



कार्यक्रम 'नागरिकसँग मेयर', संगसंगै स्वास्थ्य, कृषि, पशु, पञ्जिकरण सहित अन्य विविध अन्तर्गत एकीकृत घुम्तीशिविर कार्यक्रमले गर्दा आफुहरुमा उत्साह बढेको भन्दै स्थानीय वासिन्दाहरुले खुसी व्यक्त गरेका छन् । लोकतन्त्रको सुन्दर पक्ष जहाँ आवाज विहीनहरुका आवाजलाई प्रतिविम्वित हुने गरी यो कार्यक्रम सुरुवात गरिएको नगर प्रमुख खिलध्वज पन्थीले जानकारी दिए । स्थानीय रेसुङ्गा सरकारद्वारा प्रदान गरिएका सेवाप्रवाह, विकास निर्माण, सुशासन लगायतका विविध पक्षमा आम नागरिकको प्रतिक्रिया बुझ्न र सो कार्यक्रमबाट भावी योजना निर्माणमा समेत सहयोग पुग्ने आशा र विश्वासका साथ यो कार्यक्रम लागु गरिएको नगरपालिकाका प्रवक्ता रामप्रसाद पन्थी (राम्जी)ले जानकारी दिए । रेसुङ्गा नगरपालिका वडा ४ मा भएको सार्वजनिक सुनुवाई कार्यक्रममा नागरिकहरुबाट सल्लाह, सुझाव र प्रतिक्रियाहरु संकलन पछि कार्यान्वयनमा सहयोग पुग्ने आशा गरिएको रेनपाकाका प्रमुख प्रशासकिय अधिकृत हरिप्रसाद अर्यालले जानकारी दिए । नगर प्रमुख पन्थीले भने 'तपाईंहरुको पक्षमा काम गर्न हामी सधैं प्रतिबद्ध तथा क्रियाशिल छौं । आम नगरवासीका सल्लाह, सुझाव तथा प्रतिक्रियाहरु हाम्रो लागि अमृततुल्य छन्, त्यसकारणले यो कार्यक्रम आफैमा प्रभावकारी भएको हो ।'

# ट्र्याक खुलेको २० वर्षपछि गलुवा–भकुण्डे सडक कालोपत्र हुँदै

**गलकोट (बागलुङ),** चैत २७/२०६० सालमा ट्र्याक खोलिएको बागलुङको गलुवा-भकुण्डे सडक कालोपत्रको चरणमा पुगेको छ । जनश्रमदान र चन्दा उठाएर खनेको सडक कालोपत्र हुन लागेपछि स्थानीयवासी हर्षित छन् । बागलुङ नगरपालिका र संघीय सरकारको समपुरक बजेटमा सडक कालोपत्र गर्न लागिएको हो । गलुवा-काउले-देउराली सडक अन्तर्गत रहेको ६ किमि सडकमध्ये पहिलो चरणमा तीन किमि सडक कालोपत्रको अन्तिम तयारीमा पुगेको छ ।



बागलुङ नगरपालिकाको पाँच करोड र संघीय सरकारको पाँच करोड गरी १० करोड लागत अनुमान गरिएको सडक सात करोड २९ लाखमा केबी पूर्णचण्डी ताण्डवेश्वर जेबीसँग दुई वर्षमा काम सक्ने गरी २०८० जेठ १९ गते सम्झौता भएको थियो । "बीस वर्ष अघि हामीले चन्दा उठाएर सडक खनेका थियौँ, पहिला तित्याङबाट खनिएको सडक पछि छोटो बनाउन गलुवाबाट भकुण्डे जोडिएको थियो । ट्र्याक खोलिएको २० वर्षपछि कालोपत्र हुन लागेको छ," स्थानीयवासी नरबहादुर थापाले भने, "जनताले श्रमदान र चन्दा दिएर खनेको सडक कालोपत्र हुन लागेकोमा हामी खुसी छौँ ।" बागलुङ नगरपालिका-१० भकुण्डेका वडा अध्यक्ष तिलबहादुर थापाले भकुण्डे पुग्ने ६ किमि सडक कालोपत्रको योजना रहेकोमा पहिलो चरणमा तीन किमि सडक कालोपत्रको पूर्वाधार निर्माण भइसकेको जानकारी दिए । हाल सडक चौडा बनाउने, नाली, कल्भर्ट निर्माण, पक्की पर्खाल लगाउने, ग्याबिन जाली लगाउने र घुम्ती तथा भिरालो सडक ढलान गर्ने काम सकिएको अध्यक्ष थापाले बताए ।

सडक कालोपत्रका लागि आवश्यक पूर्वाधार निर्माण अन्तिम चरणमा पुगेको बागलुङ नगरपालिकाका इञ्जिनीयर सोविन घर्तीले जानकारी दिए । सम्झौता भएको नौ महिनामै सडकको पूर्वाधार निर्माण अन्तिम चरणमा पुगेपनि सङघ सरकारबाट चालु आर्थिक वर्षमा थप बजेट नआउँदा कालोपत्र गर्न ढिलाइ हुने नगरपालिकाले जनाएको छ । विसं २०८२ जेठ १९ गते सक्नुपर्ने कालोपत्रको काम त्यस अगावै सक्ने तयारीमा निर्माण व्यवसायी थिए, तर बजेट अभावले आगामी आर्थिक वर्षसम्म काम सकेर नगरपालिकालाई हस्तान्तरण गर्ने तयारी छ । "कामको गति तीव्र थियो," इञ्जिनीयर घर्तीले भने, "बहुवर्षीय ठेक्का भएका कारण आगामी वर्षसम्म ठेक्का धकेलिएको हो, उक्त सडक कालोपत्र सकिएलगत्तै थप तीन किमिका लागि ठेक्का लगाउने तयारी नगरपालिकाको छ ।" यस्तै नगरपालिकाको पञ्चकोट पुग्ने सडक कालोपत्र गर्न सैंघ सरकार र बागलुङ नगरपालिकाको समपूरक योजनामा रु १० करोड लागत मूल्याङ्कन गरेर स्विकृतिका लागि पठाइएको घर्तीले बताए । भकुण्डे जिल्लाकै पहिलो घरबास सञ्चालन गरिएको गाउँ हो । तर सडक स्तरोन्नती नहुँदा पर्यटकले सास्ती भोग्दै आएका थिए । *-रासस*


**वर्गिकृत डिस्प्ले**


*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

सम्पर्कः ०७५-५२०६०१


## खेलकुद समाचार

### नेपाल र वेस्टइन्डिज ए बीचको खेल तालिका सार्वजनिक




**काठमाडौं,** चैत २७/टेस्ट टोली वेस्टइन्डिजको ए र नेपालबीच हुने पाँच टी-२० खेलको खेल तालिका सार्वजनिक भएको छ ।

वेस्टइन्डिज क्रिकेट बोर्डले पाँच टी-२० खेलको तालिका सार्वजनिक गरेको हो । नेपाल र वेस्टइन्डिजबीचको पहिलो खेल २७ अप्रिलमा हुनेछ । दोस्रो २८ अप्रिल, तेस्रो १ मे, चौथो २ मे र पाचौं ४ मे मा हुनेछ । सबै खेल टीयु क्रिकेट मैदानमा हुनेछ ।

खेल नेपाली समय अनुसार दिउँसो एक बजे सुरु हुनेछ । वेस्टइन्डिज पहिलो पटक नेपाल आउन लागेको हो । नेपालले टी-२० विश्वकप जुनमा हुनुअघि अन्तिम तयारीको रुपमा वेस्टइन्डिजसँग सिरिज खेल्न लागेको हो ।

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापाता लगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।



लुम्बिनी प्रदेश सरकार

**गृह मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

## अर्थ/कर्पोरेट समाचार

# निजी क्षेत्रको लगानी सुरक्षण गर्ने जिम्मा राज्यको हो : सांसद राना



**पाल्पा,** चैत २७/लुम्बिनी प्रदेशका प्रदेश सांसद तथा काँग्रेसका युवा नेता वीरबहादुर रानाले हाम्रो व्यवस्थाले जनताको अवस्था बुझ्न नसक्दासम्म संघीय गणतन्त्रको परिभाषा स्पष्ट हुन नसक्ने बताएका छन् । पाल्पाको श्रीनगर यातायात सेवा कम्पनीको तेस्रो वार्षिक साधारण सभा कार्यक्रमको विशिष्ठ अतिथि रुपमा बोल्दै प्रदेश सांसद रानाले राज्यले निजी क्षेत्रको लगानीलाई सुरक्षण नगर्दासम्म देशले विकास गर्न सक्दैन, यी कुरालाई सरकारले बुझ्नेन भने देश आर्थिक रुपमा टाट पल्टन बेर नलाग्ने बताएका हुन् ।

सांसद रानाले भने 'अब जनताले भाषण र वाककलालाई सुनेर मात्र चित्त बुझाउँदैनन्, मुलुकको समग्र विकासका लागि सरकारले निजी क्षेत्रलाई पहिलो प्राथमिकतामा राख्नु पर्दछ ।' उनले भने 'अब हामी उद्यशीलताको विकासमा लाग्नुपर्छ, लोकतन्त्रको विकल्प पनि लोकतन्त्र नै भएको स्पष्ट पार्दै निजी क्षेत्रको लगानी सुरक्षण गर्ने जिम्मा राज्यको हो ।' तेस्रो वार्षिक साधारण सभा कार्यक्रम कम्पनीका अध्यक्ष डिलबहादुर ढुंगानाको सभापतित्वमा भएको हो ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई